राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ अंक ३३९ २०८३ भाद्र ५ गते शुक्रवार (Friday, 21 Aug., 2026) पृष्ठ ४ मुल्य रु. ५



# रेसलिङ रिङमा देश खोज्दै 'तराई टाइगर'

**५१ वर्षको उमेरमा पनि दयानाथ महतोको नजर रेसलिङको रिङमै छ । उमेर ढल्किँदै छ, आर्थिक अभावले अवसर खोस्दै छ, राज्यले पनि चिन्न सकेको छैन । तर उनको सपना मरेको छैन । रेसलिङ दुनियामा 'तराई टाइगर' नामले परिचित उनी सातपटक रिङमा भिडिसकेका छन् । अब एउटा बेल्ट जितेर अन्तर्राष्ट्रिय रिङमा नेपालको झण्डा फहराउने धोको बोकेर उनी अझै पसिना बगाइरहेका छन् ।**

■ विजय कुमार सिंह

*ढल्केवर*

समाचार पृष्ठ ३

# झुलाको रौनकले भक्तिमय मिथिला

**गोपालप्रसाद बराल**

*बर्दिबास, भाद्र ४ गते ।*

चन्द्रमासले साउन शुक्लपक्ष बित्दैछ । धार्मिक, पारम्परिक र साँस्कृतिक चाडवाडका अनेकन परम्परा बोकेको मधेशको प्राचीन मिथिला क्षेत्र अहिले भक्ति र प्रेममा डुबेको छ । भगवान विष्णु र लक्ष्मीका मन्दिर र वैष्णव मठमा झुला गीत गुञ्जदैछन् । झुला गीतका लयले अहिले सम्पूर्ण मिथिला क्षेत्र भक्तिमय बनेको हो ।

वैष्णव परम्पराका मठ, मन्दिरमा साउन शुक्ल त्रितीयादेखि झुला पर्व सुरु भएको छ । अहिले मुलुकभरिकै मठहरुको नायक मानिने महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ, लक्ष्मीनारायण मन्दिर , विभिन्न ठाउँका राधाकृष्ण तथा रामजानकी मन्दिरमा झुला पर्वको उत्सव छ । यसैगरी जनकपुरधामस्थित जानकी मन्दिरमा झुलनोत्सव उत्कर्षमा छ । झुला पर्व साउन पूर्णिमाका दिन समापन गरिन्छ ।

भुला पर्वमा भगवान विष्णु र भगवती लक्ष्मीका विभिन्न अवतारका बालरुप प्रतिमालाई झुलना (साजसजा गरिएको एक प्रकारको झोलुङ्गो) मा सिंहासन मा राखेर भक्तिगीत गाउँदै झुलाउने गरिन्छ । मिथिलामा खासगरी राम, सीता र राधा कृष्णका बालरुप प्रतिमा झुलाउने परम्परा छ । पर्वमा मैथिली लोक परम्पराका भक्तिधाराका कजरी र मलार गीत गाइन्छन् ।

'

*सुनु सखी हे सजनी , जनकदुलारी झुलै,*
*रामचन्द्रसँग वनगमन बिसरी प्रीति फूल फुलै !'*



यो रामसीताको प्रसङ्ग जोड्दै झुला पर्वमा गाइने कजरी हो । यसैगरी राधाकृष्णका प्रसङ्ग पनि आउँछन् ।

*'बरसानेक वनगामिनी , झुला झुलै यमुनातिर,*
*मुरलीधरसँगे राधा रङ्ग रसक गम्भीर !'*

राम र कृष्ण हिन्दू परम्परामा भगवान विष्णुका अवतार मानिन्छन् । यसैगरी सीता र राधा देवी लक्ष्मीका । सीताको माइती मिथिला हुँदा यहाँ रामजानकीका मन्दिर र कुटि बढी भएका र झुला पर्वमा रामसीताका भक्तिगीत बढी गाइने सुनिने गरिएको मिथिला संस्कृतिविद् जलेश्‍वर-५ पतैलीका अवकासप्राप्त सहप्राध्यापक ध्रुव राय बताउँछन् । पद्मपुराणमा वर्णित मिथिला माहात्म्यका नेपाली अनुवादकसमेत रहेका रायले पछि कृष्णप्रणामी वैष्णव परम्परा बढ्दै गएपछि राधाकृष्ण पनि झुलामा आउन थालेको स्पष्ट पारे ।

मुख्य रुपले पर्वका रुपमा मठमन्दिरमा मनाइने झुलामा मुख्य मठ र मन्दिर वरपर बस्तीका एकै ठाउँ जम्मा हुने चलन छ । ठाउँठाउँमा झुलाउत्सवका लागि छुट्टै झुलाघर बनाइएका छन् । महोत्तरीको मटिहानीमा छुट्टै झुलाघर निर्मित छ । अन्य धेरै ठाउँमा पनि झुला बनेका छन् । जहाँ प्रत्येक साँझ साधुसन्त र सर्वसाधारण पालैपालो सीताराम र राधाकृष्णका प्रतिमा राखिएका झुलना हल्लाउँछन् । साउन शुक्ल त्रितीयादेखि पूर्णिमासम्म झुलाघरमा भक्तिगीतमा मध्यरातसम्म नाचगान चल्छ । "साउन शुक्लपक्ष सामान्यतया मिथिलामा धान रोपाइँ सकिएको बेला पर्छ, मुख्यखेती लगाइएपछिको बेला रमाउन गृहस्थ पनि झुला उत्सवमा सरिक हुन्छन्"याज्ञल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) मटिहानीका प्राचार्य हेमनारायण कर्ण भन्छन्,"मिथिलामा यो भगवत भक्तिसँगै आपसी भेटघाट र नाचगान गरेर रमाउने अवसर पनि हो ।"

- बाँकी पृष्ठ २ मा

# मधेसमा करेन्ट लागेर मृत्यु हुनेको डरलाग्दो तथ्यांक

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, भाद्र ४ गते ।*

मधेस प्रदेशमा विद्युत्को पहुँच विस्तारसँगै करेन्ट लागेर ज्यान गुमाउनेको संख्या पनि चिन्ताजनक रूपमा बढेको छ । नेपाल प्रहरीको पछिल्लो एक दशकको तथ्यांकले मधेशमा प्रदेशमा करेन्टबाट हुने मृत्यु ५७४ पुगेको छ ।

प्रहरीका अनुसार आर्थिक वर्ष २०७३/७४ देखि २०८२/८३ सम्म मधेस प्रदेशमा विद्युत् दुर्घटनामा परी ५७४ जनाले ज्यान गुमाएका छन् । मृतकमध्ये ३७२ पुरुष, १११ महिला र ९१ जना बालबालिका छन् ।

दश वर्षअघि अर्थात् आर्थिक वर्ष २०७३/७४ मा करेन्ट लागेर १७ जनाको मृत्यु भएको थियो । त्यसको एक दशकपछि आर्थिक वर्ष २०८२/८३ मा मृतकको संख्या बढेर ११७ पुगेको छ ।

यसले विद्युत् दुर्घटनाबाट हुने मृत्युमा उल्लेख्य वृद्धि भएको देखाउँछ ।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक अबि नारायण काफ्लेका अनुसार गत आर्थिक वर्षमा मात्रै करेन्ट लागेर ७२ पुरुष, २२ महिला र २३ बालबालिकाको मृत्यु भएको थियो। सोही अवधिमा नौ जना पुरुष घाइते भएका थिए ।

विद्युत् दुर्घटनाको तथ्यांकमा बालबालिकाको मृत्यु दर अझै गम्भीर देखिएको छ ।

आर्थिक वर्ष २०७३/७४ मा करेन्ट लागेर दुई बालबालिकाको मृत्यु भएको थियो । तर, २०८२/८३ मा यो संख्या बढेर २३ पुगेको छ। दश वर्षको अवधिमा बालबालिकाको मृत्यु संख्या ११ गुणाभन्दा बढी बढेको हो ।

पुरुषतर्फ पनि मृत्यु हुनेको संख्या उल्लेख्य रूपमा बढेको छ । २०७३/७४ मा नौ पुरुषको मृत्यु भएकोमा गत आर्थिक वर्षमा यो संख्या ७२ पुगेको छ । महिलाको हकमा भने सोही अवधिमा करेन्ट लागेर मृत्यु हुनेको संख्या ६ बाट बढेर २२ पुगेको प्रहरीको तथ्यांक छ ।

नेपाल विद्युत् प्राधिकरण मधेस प्रदेशका प्रमुख शम्भु कुसियैत यादवका अनुसार विद्युत् दुर्घटनाको प्रमुख कारण उपभोक्ताको असावधानी र लापरवाही हो । विशेषगरी सिँचाइका लागि विद्युत् प्रयोग गर्ने किसानहरू बढी जोखिममा पर्ने गरेको प्रमुख यादवले बताए ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# दण्डहीनताको अन्त्य, बालसुरक्षाको प्रत्याभूति

तीन वर्षीया बालिकालाई चकलेटको प्रलोभन देखाएर बलात्कार गरी हत्या गरिएको घटनाले हाम्रो समाजको संवेदनशीलता मात्र होइन, राज्यको सुरक्षा व्यवस्थामाथि पनि गम्भीर प्रश्न उठाएको छ । अवोध बालिकामाथि भएको यस्तो जघन्य अपराध कुनै एक व्यक्तिको विकृत मानसिकताको परिणाम मात्र होइन, अपराध गर्नेलाई कानुनको डर नहुने वातावरण निर्माण हुँदै गएको संकेत पनि हो ।

अपराधीको मानसिकता जन्मजात हुँदैन । कमजोर सामाजिक चेतना, विकृत सोच, कानुन कार्यान्वयनमा कमजोरी र फितलो सुरक्षा व्यवस्थाले अपराधीलाई प्रोत्साहन गर्ने वातावरण बनाउँछ। अपराध गरेपछि उम्किन सकिन्छ भन्ने मनोविज्ञान बलियो हुँदै जाँदा दण्डहीनताले समाजलाई भित्रैदेखि गाँज्दै जान्छ । त्यसैले अपराध भएपछि दोषी खोजेर कारबाही गर्नु मात्र पर्याप्त हुँदैनह अपराध हुन नदिन राज्यको सुरक्षा संयन्त्र प्रभावकारी र जवाफदेही हुनुपर्छ । विशेषगरी बालबालिकामाथि हुने यौन हिंसा रोक्न विद्यालय, परिवार, समुदायदेखि प्रहरी प्रशासनसम्म सबै तहमा सचेतना र निगरानी आवश्यक छ । जोखिमयुक्त क्षेत्रमा सुरक्षा उपस्थिति बढाउने, बालमैत्री उजुरी तथा उद्धार संयन्त्र प्रभावकारी बनाउने र अनुसन्धान तथा अभियोजनलाई निष्पक्ष एवं शीघ्र बनाउनेतर्फ राज्य गम्भीर हुनुपर्छ ।

अब आश्वासन होइन, परिणाम चाहिएको छ । कानुन कडा भएर मात्र हुँदैन, त्यसको निष्पक्ष र प्रभावकारी कार्यान्वयन हुनुपर्छ । अपराधीलाई राजनीतिक, आर्थिक वा सामाजिक पहुँचका आधारमा उन्मुक्ति नदिने दृढता राज्यले देखाउनुपर्छ । एउटा अबोध बालिकाले ज्यान गुमाएको यो पीडादायी घटना फेरि दोहोरिन नदिन सुरक्षा व्यवस्थामा आमूल सुधार र दण्डहीनताको अन्त्य आजको अपरिहार्य आवश्यकता हो ।

## राशिफल

- मेष - कडा परिश्रम गर्नुपर्ला ।
- वृष - यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ ।
- मिथुन - बेसुरको काममा अलमलिनुपर्ला ।
- कर्कट - इनाम हातपार्न भने सकिनेछ ।
- सिंह - साख जोगाउन सकिनेछ ।
- कन्या - बन्धनसमेत कसिलो हुनेछ ।
- तुला - वचनले अप्ठ्यारो पर्नेछ ।
- वृश्चिक - मन जित्ने प्रयत्न गर्नुहोला ।
- धनु - काम सजिलै सम्पादन हुनेछन् ।
- मकर - उपलब्धि प्राप्त हुनेछ ।
- कुम्भ - मित्रताका हात अघि बढाउनेछन् ।
- मिन - अवसर दिलाउन सक्छ ।

# शिक्षक-कर्मचारीको पारिश्रमिक वृद्धि

## ४ अर्ब ६८ करोड थप बजेट चाहिने

राष्ट्रिय समाचार समिति

*गौशाला, भाद्र ४ गते ।*

सङ्घीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास (इसिडी) सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धिको निर्णयसँगै चालु आर्थिक वर्षमा रु ४ अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएको छ ।

मन्त्रिपरिषद्को बुधबारको बैठकले सङ्घीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको साविक पारिश्रमिक अनुदानमा १० प्रतिशत वृद्धि गर्ने निर्णय थियो ।

सो निर्णयपछि अब उक्त कोटाका माध्यमिक तहका शिक्षकको मासिक पारिश्रमिक रु ४३ हजार ६६९ बाट बढेर रु ४८ हजार ५८ पुगेको छ । आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक रु ३४ हजार ७३० बाट ३८ हजार २०३ कायम गरिएको छ ।

यसैगरी, इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक रु पाँच हजार थप गरिएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता श्रीप्रसाद भट्टराईले उल्लेखित दरमा पारिश्रमिक वृद्धिका लागि चालु आर्थिक वर्षमा रु चार अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएकाले नेपाल सरकारको निर्णयबमोजिम सोको व्यवस्थापन अर्थ मन्त्रालयलाई सहमति माग गरिएको जानकारी दिए । उनले अर्थबाट हुने सहमतिपश्चात पारिश्रमिक वृद्धिको निर्णय कार्यान्वयनमा आउने बताए ।

नयाँ व्यवस्थाअनुसार (इसिडी) सहजकर्ताको मासिक पारिश्रमिक रु १२ हजारबाट १७ हजार, विद्यालय सहयोगीको रु १० हजारबाट १५ हजार र लेखा हेर्ने विद्यालय कर्मचारीको रु १५ हजारबाट २० हजार पुगेको छ ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष हंशबहादुर शाहीले सबै राष्ट्रसेवकका लागि बढ्ने १० प्रतिशतमा बढ्नु स्वभाविक र सकारात्मक भए पनि इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि न्यूनतम् मासिक रु २३ हजार पारिश्रमिक पुग्नुपर्ने बताए ।

# झुलाको रौनकले भक्तिमय मिथिला...

मिथिलामा यो पर्व राम जन्मभूमि अवध (अयोध्या) र कृष्णको बाललीलास्थल मानिने वृन्दावनबाट देखासिकीबाट भित्रिएको विश्वास गरिन्छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधाम सीताको माइती भएका हुँदा ज्वाइँलाई प्रसन्न गराउन पर्ने मैथिल परम्पराअनुसार यो पर्व वि.सं. १७८७ तिर सन्त सुरकिशोर दासले सुरु गराएका जानकी मन्दिर जनकपुरधामका महन्थ रामतपेश्वर दास वैष्णवको भनाइ छ ।

यो पर्व विष्णु लक्ष्मीका प्रतिमा झुलाउनेसम्ममात्र नभइ आम मैथिल, मिथिलानी पनि झुल्ने लोक परम्परा छ ।

साउनलाई प्रगाढ प्रणयको प्रतीकका रुपमा पनि अर्थ्याउने गरिएको मैथिल लोकसंस्कृतिका जानकार बताउँछन् ।

त्यसैले यस पक्षमा मिथिलानीहरुले गाउने झुलागीतमा पति सँगमा रहन् भन्ने भाव पाइने गरेको जलेश्वर-४ सुगाभानीपट्टीका बासिन्दा ८५ वर्षीय वरिष्ठ पत्रकार कृष्णचन्द्र झा बताउँछन् । साउनको बर्खाकालमा नवयौवना मिथिलानी साउनको यो पक्ष आएपछिको मनोभाव मलारमा यसरी व्यक्त गर्छन् ।

*'सावन आयल बदरिया घेरायल,*
*सखी हे मन हरसाय,*
*कजरारी मोर अँखिया मेघ जकां बरसाय !'*

यसैगरी प्रियतम टाढा रहेका नवयौवना साउनको यो पक्षमा झुलना झुलाइदिन किन नआएको भावको विरह मलारमा पोख्छन् ।

*'काहे नै ऐले सजनमा, सावनमें झुलाय,*
*घेरल बदरिया, मोरा मन घबराय !'*

मिथिलामा झुला झुलने प्रसङ्गका गीतमा आँप र कदमका हाँगामा हल्लने रहर व्यक्त गरिएको हुन्छ ।

*'झुलब झुला बलमजी, अमबा आ कदमके डारी,*
*बिरछवा हरियर हरियर फूलवा बहारी !'*

यसैगरी बगैंचामा झुला झुल्दैगर्दा चारैतिर कालो बादल छाएको साउन महिनामा प्रियतम साथमा नहुँदाको विरक्ति पनि कजरीमा व्यक्त हुन्छ ।

*'झुला झुलै लगली सखी हे, बागहीमें बदरिया छायल,*
*सावन ऐली सजनी , पिया बिनु तन उचटायल !'*

झुला पर्वविशेषमा मठमन्दिरको परम्परा जिवित रहेपनि गृहस्थ जीवनका झुलागीत हराउँदै गएका पाका मिथिलानी चिन्ता व्यक्त गर्छन् ।

पहिलेको जस्तो बगैंचामा आँप र कदमका रुखका हाँगामा गीतको लयमा मच्चदै सखीसहेलीसाथ झुल्ने परम्परा भने हराउँदै गएको भङ्गाहा-४ थारुटोल बनराकी ४५ वर्षीया गृहिणी रासोवती चौधरी थारु बताउँछिन् ।

पछिल्लो पुस्ता औपचारिक शिक्षामा जोडिने क्रम बढेसँगै विभिन्न क्षेत्रका काममा सरिक हुँदै जाने क्रमले पारम्परिक चलन छुट्दै गएका राष्ट्रिय माध्यमिक विद्यालय बर्दिबास-७ प्रेमनगरका शिक्षक रामसेवक महतोको ठम्याइ छ ।

# जुनुनले थामेको हिम्मतिलो यात्रा...

उनको मन अब रेसलिङको रिङतिर पुगिसकेको थियो । माओवादी शान्ति प्रक्रियामा आएपछि उनी नेपाल फर्किए । काठमाडौं पुगे । त्यतिबेला नेपालमा रेसलिङ खेल भर्खर-भर्खर उदाउँदै थियो । उनले त्यही खेल समाते ।

काठमाडौं बसाइ सजिलो थिएन । खर्च सकिएपछि गाउँ फर्किनुपर्थ्यो । तर गाउँ पुगेपछि पनि अभ्यास छाडेनन् । टन्टलापुर घाममा दौडिन्थे । स्टामिना बढाउन कसरत गर्थे । गाउँमै जिम अभ्यास गर्थे । गाउँमा हुने कुस्तीमा पहलमानी खेल्थे ।

### २४ सेकेन्डको कुस्ती

गाउँमा लागेको एउटा मेलामा भारतीय कुस्ती खेलाडीले दयानाथको शरीरको बनावट देखेर कुस्ती खेल्न प्रस्ताव गरे । दयानाथले आफू कुस्ती खेलाडी नभएको बताए । तर ती खेलाडीले जिस्काइरहेपछि उनले चुनौती स्वीकारे । कुस्ती सुरु भयो । धेरै समय टिकेन । २४ सेकेन्डमै दयानाथले भारतीय खेलाडीलाई तीनलक लगाएर पछारिदिए । मेलाभरि उनको चर्चा भयो । चौतर्फी वाहवाही भएपछि घटनाले उनलाई खेलप्रतिको आफ्नो क्षमता फेरि महसुस गरायो । रेसलिङमा उनको रुचि झन् बढ्दै गयो ।

दयानाथको आफ्नै भनाइमा खेलमा विपक्षीलाई प्रहार गर्न सक्नेभन्दा प्रहार सहन सक्ने क्षमता बढी महत्वपूर्ण हुन्छ । 'मार्नभन्दा मार खान बढी क्षमता आफूभित्र बनाउनुपर्छ,' उनी भन्छन् ।

### सात खेल, दुई अन्तर्राष्ट्रिय

अहिलेसम्म दयानाथले सातवटा रेसलिङ खेल खेलेका छन् । तीमध्ये दुईवटा अन्तर्राष्ट्रिय खेल हुन् । दुवैपटक उनले पाकिस्तानका खेलाडीसँग रिङमा प्रतिस्पर्धा गरेका छन् ।

यति लामो यात्रा पार गर्दा पनि उनले खोजेको बेल्ट भने जित्न सकेका छैनन् । उनको लक्ष्य अहिले पनि त्यही हो–रेसलिङको बेल्ट जित्ने र अन्तर्राष्ट्रिय रिङमा नेपालको झण्डा फहराउने । तर लक्ष्यसम्म पुग्ने बाटो पैसा नभएर पटक-पटक रोकिएको छ ।

जापानबाट खेल्ने अवसर आएको थियो । प्लेन चढ्ने पैसा नभएपछि जान सकेनन् । अन्तर्राष्ट्रिय अवसर हातमा आएर पनि आर्थिक अभावका कारण गुमेको त्यो घटना उनको मनमा अझै छ ।

### सपनासँगसँगै जिम्मेवारीको भारी

अहिले उनी ढल्केवरस्थित जिम सेन्टरमा प्रशिक्षकका रूपमा काम गर्छन् । जिममा आउनेलाई व्यायाम गराउँछन् । आफू पनि अभ्यास गर्छन् । खेलाडी बन्ने आफ्नो पुरानो चाहनालाई प्रशिक्षणको कामसँगै निरन्तरता दिइरहेका छन् । घरमा श्रीमती, दुई छोरा र एउटी छोरी छन् । जेठो छोरा रमन कुमार महतो कक्षा ६ मा पढ्छन् । कान्छो रितक कुमार महतो एक कक्षामा छन् । छोरी डुनिशा कुमारी महतो कक्षा ९ मा पढिरहेकी छन् । उनीहरू सबै गोलबजारमै पढिरहेका छन् ।

गोलबजारमा दयानाथको पाँच कट्ठा जग्गा छ । डेढ कट्ठा घडेरी हो भने साढे तीन कट्ठामा धान खेती हुन्छ । यही स्रोतबाट परिवार चलिरहेको छ । तर परिवारको जिम्मेवारीले पनि उनको रिङप्रतिको चाहना मेटेको छैन ।

### अझै रिङमै नजर

५१ वर्षको उमेरमा पनि दयानाथ अभ्यास गरिरहेका छन् । उनलाई उमेरको हिसाब थाहा छ । अब पहिले जस्तो समय छैन भन्ने पनि थाहा छ । आर्थिक अभावका कारण अवसरहरू गुमिरहेका छन् भन्ने पनि थाहा छ । तर उनी रोकिएका छैनन् । दौडको ट्र्याकमा कक्षा ७ बाट सुरु भएको उनको खेलयात्राले चितवनको पाउरोटी कारखाना, राष्ट्रियस्तरको दौड, प्रहरी क्याम्प, माओवादी द्वन्द्व र भारतको ११ वर्ष लामो बसाइ पार गरिसकेको छ । अन्ततः त्यो यात्रा रेसलिङको रिङसम्म आइपुगेको छ ।

सातपटक रिङमा उत्रिसके । दुईपटक अन्तर्राष्ट्रिय खेल खेले । दुवैपटक पाकिस्तानका खेलाडीसँग भिडे । तर अझै एउटा कुरा बाँकी छ–बेल्ट । त्यही बेल्ट जितेर नेपालको झण्डा अन्तर्राष्ट्रिय रिङमा फहराउने चाहना बोकेर दयानाथ अझै अभ्यास गरिरहेका छन् । दयानाथ भन्छन् 'मान्छेमा जुनुन र हिम्मत हुनुपर्छ । यसले जस्तोसुकै चुनौती पार गर्छ । म अहिले पूर्ण रुपमा फिट एण्ड फाइन छु । रिङमा भिड्न तयार छु ।'

### राज्यले चिनेन, दयानाथले हार मानेनन्

दयानाथले खेलाडी बन्ने संघर्ष आफ्नै बलबुतामा गरे । तर खेलाडी उत्पादन गर्ने र रेसलिङलाई व्यवस्थित बनाउने प्रयासमा राज्यको साथ खोज्दा भने पटक-पटक निराश भए । गोलबजार नगरपालिका र प्रदेश सरकारसँग उनले आफ्नै ठाउँमा रेसलिङ प्रतियोगिता गराउन पटक-पटक आग्रह गरे । खेलाडी उत्पादन गर्न सकिने भन्दै नगरपालिका धाए । मेयरदेखि कर्मचारीसम्मलाई भेटे । तर उनको प्रस्तावले मूर्त रूप लिन सकेन ।

प्रदेश सरकारका तत्कालीन खेलकुदमन्त्री प्रमोद जयसवालको कार्यकक्ष पनि उनले पटक-पटक चहारे । रेसलिङ प्रतियोगिता गराइदिन र स्थानीय खेलाडीलाई अवसर दिन आग्रह गरे । तर त्यहाँबाट पनि उनले अपेक्षित साथ पाएनन् ।

आफ्नो अनुभव र सीप प्रयोग गरेर स्थानीयस्तरमै खेलाडी उत्पादन गर्ने उनको प्रयास राज्यको बेवास्तामै रोकियो । खेलका लागि अवसर माग्दै सरकारी कार्यालय धाएका दयानाथ अन्ततः निराश भएर फर्किए ।

तर राज्यबाट निराश भए पनि रिङबाट भने उनी टाढिएका छैनन् । बरु यही बेवास्ताबीच उनको अन्तर्राष्ट्रिय रिङमा नेपालको झण्डा फहराउने धोको अझ बलियो बनेको छ । उनी भन्छन् 'साँस रहेसम्म आश छाड्दिन । जति सङ्घर्ष र मिहिनेत गर्नुपरेपनि अन्तराष्ट्रिय रिङमा बेल्ट जितेर आफ्नो देशको झण्डा फहराउँछु ।'

रेसलर दयानाथको सङ्घर्षपूर्ण कथा:

# जुनुनले थामेको हिम्मतिलो यात्रा
# राज्यले चिनेन, रिङले छाडेन



“ *डब्लुडब्लईका रेसलिङ खेल उनी टेलिभिजनमा हेर्थे । रिङमा खेलाडीहरूको भिडन्त, उनीहरूको शरीर र खेल्ने शैलीले दयानाथलाई तान्न थाल्यो । दौडको ट्र्याकमा खेलाडी बन्न खोजेको उनको मन अब रेसलिङको रिङतिर पुगिसकेको थियो । माओवादी शान्ति प्रक्रियामा आएपछि उनी नेपाल फर्किए । काठमाडौं पुगे । त्यतिबेला नेपालमा रेसलिङ खेल भर्खर-भर्खर उदाउँदै थियो । उनले त्यही खेल समाते ।*

**विजय कुमार सिंह । *ढल्केबर***

धनुषाको ढल्केवरस्थित एउटा जिममा बिहानैदेखि युवाहरूको चहलपहल हुन्छ। कोही ट्रेडमिलमा दौडिरहेका हुन्छन्, कोही तौल उठाइरहेका हुन्छन् । त्यही भीडमा ५१ वर्षीय दयानाथ महतो पनि हुन्छन् । अरुलाई व्यायाम गराउँदै गर्दा उनी आफ्नै शरीरलाई पनि रिङमा उत्रिन मिल्ने गरी तयार पारिरहेका हुन्छन्। उमेरले पाँच दशक पार गरिसकेको दयानाथमा खेलाडी बन्ने हुटहुटीमा कुनै कमी आएको छैन ।

सिरहाको गोलबजार-५, असनपुरका दयानाथ रेसलिङको दुनियाँमा ‘तराई टाइगर’का नामले परिचित छन् । अहिलेसम्म सातवटा रेसलिङ खेलिसकेकाउनले दुईवटा अन्तर्राष्ट्रिय खेलमा पाकिस्तानका खेलाडीसँग रिङमा भिडिसकेका छन् ।

अब उनको चाहना एउटा बेल्ट जित्ने र त्यही बेल्टसँगै अन्तर्राष्ट्रिय रिङमा नेपालको झण्डा फहराउने हो । तर उमेरले बिस्तारै साथ छाड्दै गएको छ । आर्थिक अवस्था कमजोर छ। रेसलिङमा अघि बढ्ने क्रममा यही अभाव पटक-पटक बाधक बनेको छ ।

जापानबाट खेल्ने अवसर आएको थियो । जाने इच्छा पनि थियो । तर प्लेन चढ्ने पैसा थिएन । अवसर आयो र त्यत्तिकै गयो । बेल्ट जित्ने सपना बोकेर हिँडेका दयानाथका लागि यस्ता घटना नयाँ होइनन् । उनको जीवनमा खेलाडी बन्ने चाहना र अभावको संघर्ष सँगसँगै चलेका छन् ।

### दौडले देखाएको बाटो

दयानाथको खेलजीवन रेसलिङबाट सुरु भएको होइन । कक्षा ७ मा पढ्दै गर्दा नै उनी दौडिन थालेका थिए । जिल्ला र अञ्चलस्तरीय दौड प्रतियोगितामा भाग लिन्थे । अरू बालबालिका विद्यालयको पढाइमा व्यस्त हुँदा उनको ध्यान खेलतिर बढी हुन्थ्यो ।

तर घरको अवस्था पढाइ र खेल दुवैलाई निरन्तरता दिने खालको थिएन । आर्थिक अभावका कारण उनले पढाइ छाड्नुपर्‍यो ।

घर नजिकैको गागन खोलामा मर्निङ वाक गर्ने क्रममा जनक खलिफासँग दयानाथको भेट भयो । जनक सार्क गेममा कुस्ती खेलिसकेका खेलाडी थिए । दयानाथको खेलप्रतिको लगाव देखेपछि जनकले उनलाई चितवन लगे । आर्थिक रुपले अत्यन्तै कमजोर दयानाथलाई पाउरोटी कारखानामा काम मिलाइदिए र कामसँगै खेलकुदको प्रशिक्षण लिने वातावरण बनाए ।

त्यहाँ दयानाथ पाउरोटी कारखानामा मैदा माड्ने काम गर्न थाले । दिनभरि काम गरेपछि पनि खेल्ने रहर मरेन । फुर्सद निकालेर उनी दौडको अभ्यास गर्थे । जिल्ला स्तरीय प्रतियोगितामा सहभागी भए । दौडमा सफल हुँदै छनोट भए ।

चितवनबाट छनोट भएपछि दयानाथले २०५२ सालमा झापाको मेची रंगशालामा राष्ट्रियस्तरको खेल प्रतियोगिता खेल्ने मौका पाए । त्यतिबेला उनी १८ वर्षका थिए । आर्मी र प्रहरीका खेलाडीसँग दौडमा प्रतिस्पर्धा गरे । चौथो भए ।

त्यो नतिजाले उनको खेलप्रतिको उत्साह घटाएन । बरु राष्ट्रियस्तरको प्रतियोगितामा पुग्न सकिन्छ भन्ने आत्मविश्वास थपियो ।

### प्रहरीको जागिर, खेलाडीको संघर्ष

झापाको दौड प्रतियोगितापछि उनी फेरि चितवन फर्किए । भरतपुरको प्रहरी तालिम केन्द्रमा प्रहरीको क्षेत्रीय गेममा सहभागी भए । भरतपुर विमानस्थलमा आर्मी र प्रहरीका खेलाडीसँगै करिब दुई वर्ष तालिम लिए ।

त्यही बेला एक इन्स्पेक्टरले उनलाई प्रहरीमा जागिर खाने प्रस्ताव गरे । आर्थिक रूपमा विपन्न दयानाथले प्रस्ताव स्वीकारे । प्रहरीमा जागिर पाएसँगै खेल्न पाइन्छ भन्ने उनको बुझाइ थियो ।

प्रहरी नबन्दै उनलाई प्रहरीकै तर्फबाट खेल्ने अवसर दिइयो । १० हजार मिटर दौडमा दोस्रो स्थान हासिल गरे । त्यसपछि प्रहरी क्याम्पभित्र प्रवेश पाए । तर क्याम्पभित्रको जिम्मेवारी उनको अपेक्षाजस्तो थिएन । घाँस काट्नुपर्थ्यो, लुगा सफा गर्नुपर्थ्यो । खेलाडी बन्ने चाहना बोकेर पुगेका दयानाथलाई त्यस्ता कामले चित्त बुझेन ।

दुई महिनासम्म जसोतसो बसेपछि उनले खेलबाहेकका काम गर्न अस्वीकार गरे । सिनियरलाई भने, ‘म खेलाडी हो । तपाईंको क्लबको नाम उच्च बनाउँछु । मलाई खेल्न समय दिनुस् ।’

दयानाथको भाव बुझ्नुको साटो उल्टै उनीमाथि निगरानी बढ्यो । प्रहरीबाट भाग्न सक्ने आशंका गरियो । तर अन्ततः उनी निगरानी छिचोल्दै क्याम्पबाट भागेर घर फर्किए । घर फर्किएपछि पनि उनको जीवन सहज भएन ।

### प्रहरीसँगको चिनजानले बनाएको जोखिम

चितवनबाट गाउँबाट फर्किदा देश माओवादी द्वन्द्वमा थियो । युवावस्थामा घुमफिर गर्ने क्रममा प्रहरीसँग उनको सामान्य उठबस थियो । एक साथीको प्रहरीसँग राम्रो चिनजान भएकाले दयानाथको पनि प्रहरी प्रशासनसँग परिचय बनेको थियो ।

तर सिरहा र आसपासका जिल्लामा माओवादी कार्यकर्ता मारिन थालेपछि दयानाथमाथि पनि शंका गर्न थालियो । प्रहरीसँग मिलेर सुराकी गर्ने गरेको आरोप लाग्यो । दयानाथ भने आफूले कुनै सुराकीको काम नगरेको बताउँछन् । ‘मेरो र प्रहरी प्रशासनबीच त्यस्तो केही थिएन । युवावस्थामा बढी घुमफिर गर्दा प्रहरीसँग उठबस भएको मात्रै थियो,’ उनी विगत सम्झन्छन् ।

तर द्वन्द्वको समयमा आरोपको खण्डनले मात्रै सुरक्षा सुनिश्चित हुँदैनथ्यो । एक दिन माओवादीको घेरामा परेका दयानाथ दुई मिनेटको अन्तरालले चारचक्के गाडीमा भाग्न सफल भए । ज्यान जोगियो । त्यसपछि उनले नेपालमा बसिरहनु उचित ठानेनन् । देश छाडे ।

### टेलिभिजनले देखाएको अर्को रिङ

भारतमा करिब ११ वर्ष बसे । त्यहाँ बस्दा उनको जीवनको अर्को पाटो खुल्यो । त्यतिबेला भारतमा टेलिभिजन हेर्ने चलन बढी थियो । डब्लुडब्लईका रेसलिङ खेल उनी टेलिभिजनमा हेर्थे । रिङमा खेलाडीहरूको भिडन्त, उनीहरूको शरीर र खेल्ने शैलीले दयानाथलाई तान्न थाल्यो ।

दौडको ट्र्याकमा खेलाडी बन्न खोजेको

*- बाँकी पृष्ठ २ मा*

# ३ क्विन्टल गाँजा बरामद

**द पब्लिक टुडे समाचारदाता**
*गौशाला, भाद्र ४ गते ।*

सर्लाही प्रहरीले ठुलो परिमाणमा अवैध लागुऔषध गाँजा बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको विशेष टोलीले कौडेना गाउपालिका-१, लक्ष्मीपुरस्थित एक घरबाट करिब ३०० किलोग्राम गाँजा बरामद गरेको हो ।

विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले मंगलवार राति करिब १०:१५ बजे स्थानीय बिजन पटेलको घरमा खानतलासी गरेको थियो । टाली र बाँसले बनेको भुस राख्ने घरभित्र लुकाएर राखिएको १५ वटा बोरामा उक्त परिमाणको गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक वेद प्रसाद गौतमका अनुसार, बरामद गाँजा कसको हो तथा कहाँबाट ल्याइएको हो भन्ने विषयमा थप अनुसन्धान भइरहेको छ। प्रहरी टोली पुग्दा घरधनी बिजन पटेल फरार रहेकाले उनको खोजी कार्य तीव्र पारिएको छ ।

# 'अख्तियारको काममा हस्तक्षेप हुँदैन'

**द पब्लिक टुडे समाचारदाता**
*गौशाला, भाद्र ४ गते ।*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सुशासन कायम गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा सरकारको तर्फबाट कुनै पनि किसिमको राजनीतिक हस्तक्षेप नहुने बताएका छन् ।

विहीबार सिंहदरबारमा आयोजित राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै लामिछानेले सरकारले कसैप्रति पनि कुनै किसिमको आग्रह-पूर्वाग्रह नराख्ने बताएका हुन् ।

उनले प्रचलित कानुनले दिएको अधिकारलाई सदुपयोग गर्दै सुशासन प्रवर्द्धन गर्ने कार्यमा सरकार दृढ रहेको बताए । वर्तमान सरकार गठन भएपछि अख्तियारको नेतृत्वमा कोही पनि नयाँ नियुक्त नभएको र उनीहरू पूर्ववर्ती सरकारहरूको सिफारिस र संसदीय सुनुवाइ प्रक्रिया पूरा गरेर आएको उनले बताए ।

उनले भने, 'म सत्तारूढ दलको सभापतिको हैसियतले स्पष्ट भन्न चाहन्छु, सरकारको कुनै आग्रहपूर्वाग्रह छैन । कानुनले दिएको अधिकारको सदुपयोग गर्दै सुशासन कायम गर्ने काममा सरकारबाट कुनै किसिमको राजनीतिक हस्तक्षेप हुनेछैन। पूर्ववर्ती सरकारहरूले संवैधानिक प्रक्रिया, सिफारिस र संसदीय सुनुवाइका आधारमा उहाँहरू नियुक्त हुनुभएको हो । त्यसैले आयोगले आफ्नो संवैधानिक जिम्मेवारी स्वतन्त्र र निष्पक्ष रूपमा निर्वाह गर्न सरकारबाट कुनै दबाव वा हस्तक्षेप हुँदैन ।'

# एक दशकपछि ३१० परिवारले पाए लालपुर्जा

**राष्ट्रिय समाचार समिति**
*गौशाला, भाद्र ४ गते ।*

नापनक्सा सम्पन्न भएको करिब एक दशकपछि धनुषाको मिथिला बिहारी नगरपालिका-३ का ३१० परिवारले जग्गाधनी पुर्जा प्राप्त गरेका छन् । गाउँ ब्लक (स्वबासी) जग्गाको आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा भएपछि नापी कार्यालयले आज उनीहरूलाई जग्गाधनी पुर्जा वितरण गरेको हो ।

साबिक मिथलेश्वर महुवाही गाउँ विकास समितिले १ देखि ९ वडासम्म पर्ने गाउँ ब्लक जग्गाको नापनक्सा आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न भएको थियो। नापनक्सा सम्पन्न भए पनि आवश्यक अभिलेख अद्यावधिक, दर्ता तथा अन्य कानुनी प्रक्रिया पूरा हुन नसक्दा स्थानीयवासी लामो समयदेखि जग्गाधनी पुर्जाबाट वञ्चित हुँदै आएका थिए । नापी कार्यालयले नापनक्सा भइसकेका जग्गाको अभिलेख अद्यावधिक गरी दर्तासम्बन्धी प्रक्रिया अघि बढाएपछि ३१० थान जग्गाधनी पुर्जा वितरण गरिएको जनाएको छ । वर्षौंदेखि आफूले भोगचलन गर्दै आएको जग्गाको औपचारिक स्वामित्वको प्रमाण पाएपछि स्थानीयवासीले खुसी व्यक्त गरेका छन् । पुर्जा प्राप्त भएपछि आफ्नो सम्पत्तिको स्वामित्व प्रमाणित गर्न सहज हुने तथा जग्गासम्बन्धी विभिन्न प्रशासनिक र आर्थिक कारोबार गर्न बाटो खुलेको स्थानीयको भनाइ छ । नापी कार्यालयका प्रमुख उमेशकुमारले नापनक्सा सम्पन्न भएर पनि विभिन्न कारणले दर्ता प्रक्रिया अघि बढ्न नसकेका गाउँ ब्लक तथा स्वबासी प्रकृतिका जग्गाको समस्या समाधानलाई कार्यालयले प्राथमिकतामा राखेको बताए । उनका अनुसार नापनक्सा सम्पन्न हुँदैमा जग्गाको स्वामित्व पूर्ण रूपमा स्थापित नहुने भएकाले त्यसपछि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।

स्थानीयको सहभागिता, आवश्यक कागजात तथा अन्य प्रक्रिया पूरा हुँदै गएमा लामो समयदेखि बाँकी रहेका यस्ता विषयलाई क्रमशः टुङ्ग्याउँदै जग्गाधनी पुर्जा वितरण गरिने उनले बताए। गाउँ ब्लक तथा स्वबासी प्रकृतिका जग्गा लामो समयदेखि स्थानीयले भोगचलन गर्दै आए पनि औपचारिक स्वामित्वको प्रमाण नहुँदा उनीहरू विभिन्न समस्या झेल्दै आएका थिए । जग्गाधनी पुर्जा प्राप्त भएपछि सम्पत्तिको कानुनी अधिकार सुनिश्चित हुनाका साथै जग्गासम्बन्धी कारोबार तथा प्रशासनिक काममा पनि सहज हुने अपेक्षा गरिएको छ । नापी कार्यालयका अनुसार साबिक मिथलेश्वर महुवाही गाविसअन्तर्गत नाप नक्सा सम्पन्न भएका तथा हाल मिथिला बिहारी नगरपालिका-३ मा पर्ने गाउँ ब्लकका ३१० परिवारलाई पुर्जा वितरण गरिएको हो । कार्यालयले धनुषाका अन्य क्षेत्रमा पनि नाप नक्सा सम्पन्न भएर पनि दर्ता प्रक्रिया पूरा हुन बाँकी गाउँ ब्लक तथा स्वबासी जग्गाको विवरण अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ । यसबाट लामो समयदेखि जग्गाधनी पुर्जाको प्रतीक्षामा रहेका अन्य परिवारलाई पनि राहत पुग्ने अपेक्षा गरिएको छ ।

**एकीकृत बचत तथा ऋण सहकारी संस्था लि.**
बर्दिवास, महोत्तरी

**वार्षिक साधारणसभामा उपस्थित हुने बारेको सूचना**

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८३/०४/०५ गते संस्थाको विनियम बमोजिम बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम एकीकरण पश्चातको सातौं वार्षिक साधारणसभा तपसिलमा उल्लेखित विषयहरुमा छलफल गरि निर्णय गर्नको लागि निम्न मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरिएको हुँदा उक्त सभामा अनिवार्य उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**वार्षिक साधारणसभा**
मिति :- २०८३/०६/०८ गते बिहिवार
समय :- ११:०० बजे बिहान
स्थान :- विनायक वैङ्कुइट, बर्दिबास-१, महोत्तरी

**साधारणसभामा छलफलका विषयहरु**
१. आ.व २०८२/०८३ को वार्षिक लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व ८२/०८३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व २०८३/०८४ को नीति तथा कार्यक्रम बजेट प्रस्तुती तथा पारित गर्ने सम्बन्धमा ।
४.आ.व २०८२/०८३ को लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुती तथा पारित गर्ने सम्बन्धमा ।
५. आ.व २०८३/०८४ को लागी लेखा परिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७. ऋण अपलेखन तथा ब्याज छुट सम्बन्धमा ।
८. विनियम संशोधन सम्बन्धमा ।
९. संचालक समतिले पास गरेको बचत तथा ऋणको ब्याजदर पारित गर्ने सम्बन्धमा ।
१०. संचालक समतिले आ.व.२०८२/०८३ मा सस्था संचालनका लागि गरिएका निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
११. विविध सम्बन्धमा ।

विनोद अधिकारी
सचिव

# पीपीए खोल्न सरकारले अघि बढायो प्रक्रिया

**राष्ट्रिय समाचार समिति**
*गौशाला, भाद्र ४ गते ।*




सरकारले विद्युत् खरिद सम्झौता (पीपीए) खोल्न प्रक्रिया अगाडि बढाएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठको अध्यक्षतामा बिहिबार बसेको नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको बैठकले पीपीए खोल्नका लागि आवश्यक मापदण्ड तयार गर्न उपसमिति गठन गरेको हो ।

प्राधिकरणका सञ्चालक समिति सदस्य अंशुकिरण शाहीको संयोजकत्वमा गठित उपसमितिले सात दिनभित्र मापदण्ड तयार पारेर बोर्डमा पेस गर्नेछ । उपसमितिमा विद्युत् विकास विभागका उपमहानिर्देशक, ऊर्जा मन्त्रालयका तर्फबाट सिडिइ शालिग्राम भण्डारी र विज्ञ रिवाज व्यापार शाखाका निर्देशक सदस्य सचिव छन् ।

सञ्चालक समितिको निर्णयमा भनिएको छ, "आर्थिक ऐन, २०८३ मा व्यवस्था भएबमोजिम उत्पादन अनुमति प्राप्त उर्जा उत्पादकहरुसँग विद्युत खरिद सम्झौता (पिपिए) गर्ने सम्बन्धमा तथा सिँचाइ मन्त्रालयबाट गठित समितिको सिफारिससमेतको अध्ययन विश्लेषण गरी विद्युत् खरिद सम्झौता (पिपिए) को मापदण्ड सात दिनभित्र तयार गर्न सञ्चालक समिति सदस्य अंशुकिरण शाहीको संयोजकत्वमा उपसमिति गठन गरिएको छ ।"

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादक: सन्तकुमार क्षेत्री